# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## परशुराम नगरपालिका
## डडेलधुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः२०७६/७७
च.नं. ५०१

मितिः २०७७/३/३०

श्री नगर प्रमुखज्यू,
परशुराम नगरपालिका, डडेलधुरा ।


**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः२०७६/७७
च.नं. **५०२**

मितिः २०७७/३/३०

श्री नगर प्रमुखज्यू,
परशुराम  नगर कार्यपालिकाको
कार्यालय, डडेलधुरा ।

**विषयः  लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले परशुराम  नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.३ करोड ७० लाख ९९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड ६० लाख ७८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२७ लाख ७५ हजार नियमित गर्नुपर्ने रु.७७ लाख ८९ हजार र पेश्की बाँकी रु. १ करोड ४ लाख ५७ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/०९/३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित विभिन्न २ दफाको रु.५ लाख ८६ हजारको प्रमाण कागजात पेश हुन आएकाले उक्त दफाहरु प्रारम्भिक प्रतिवेदनबाट हटाइएको छ । अन्य दफा बेरुजु फछ्यौंट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना  २६ (छब्बीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहीत स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमूख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।१२।२०
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# परशुराम नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७५/७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न परशुराम नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । परशुराम नगरपालिका अन्तर्गत १२ वडा रहेको ६३ सभा सदस्य ४१४.०७ व.कि.मी. क्षेत्रफल,  जनसंख्या रहेको छ । यो नगरपालिका सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोषः–** आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोष आयव्यय हिसावको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| **१** | **गत वर्षको जिम्मेवारी** | | ५३६३८२०१.७३ | **१** | **चालु खर्च** | | ३२९२४९२७६.७२ |
| | क) नगद | ० | ० | **२** | **पूँजीगत खर्च** | | २०५९१५५७४.३५ |
| | ख) बैंक | ५३६३८२०१.७३ | ० | **३** | **विषयगत निकायबाट प्राप्त रकम खर्च** | ० | ० |
| **२** | **राजस्व (आन्तरिक आय)** | | ८९८८३१७०.४३ | | **प्रदेश सरकारबाट प्राप्त अनुदान खर्च** | ० | ० |
| | क) आन्तरिक राजस्व | ७९६१७०६ | ० | | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| | ख) राजश्व बाँडफाँड | ७९८२७२३१ | ० | | | | ० |
| | ग) प्रदेश राजस्व बाँडफाँड | २०९४२३३.१ | ० | | क) ऋण भुक्तानी | | ० |
| | घ) अन्य आय | ० | ० | **४** | ख) ब्याज भुक्तानी | | ० |
| **३** | **वित्तीय हस्तान्तरण** | | ३४२१३१००० | | ग) अन्य भुक्तानी | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ११४४००००० | ० | | **लगानी** | | ० |
| | ख) सशर्त अनुदान | २२७७३१००० | ० | | ऋण लगानी | | ० |
| | ग) समपूरक अनुदान | ० | ० | **५** | शेयर लगानी | | ० |
| | घ) विशेष अनुदान | ० | ० | **६** | अन्य लगानी | | ० |
| **४** | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ७१९०००० | **७** | **धरौटी फिर्ता** | | २४६६६६५ |
| | क)वित्तीय समानीकरण अनुदान | ७१९०००० | ० | | **को.ले.नि.का फिर्ता** | | २३१३५५३७.९७ |
| | ख) सशर्त अनुदान | ० | ० | | **कोष खर्च** | | ५००००० |
| | ग) समपूरक अनुदान | ० | ० | | **मौज्दात** | | ४००८३३१९.४७ |
| | घ) विशेष अनुदान | ० | ० | | क) नगद मौज्दात | | ० |
| **५** | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | ० | | ख) बैंक मौज्दात | ४००८३३१९.४७ | ० |
| **६** | **अन्तर सरकारी तहबाट प्राप्त** | ० | ० | | | | ० |
| **७** | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | | | ० |
| | क) ऋण प्राप्ति | | ० | | | | ० |
| | ख) साँवा प्राप्ति | | ० | | | | ० |
| | ग) ब्याज प्राप्ति | | ० | | | | ० |
| | घ) अन्य प्राप्ति | | ० | | | | ० |
| **८** | **विभिन्न कोषतर्फको आय** | | २१८८०५५.११ | | | | ० |
| **९** | **जनसहभागिता (नगद)** | | ० | | | | ० |
| **१०** | **विषयगत निकायबाट प्राप्त रकम** | | ९८४८९८४० | | | | ० |
| **११** | **धरौटी आय** | | ७८३०१०६.२४ | | | | ० |
| **१२** | **लगानीको साँवा फिर्ता** | | ० | | | | ० |
| **१३** | **अन्य विविध आय** | | ० | | | | ० |
| | **जम्मा** | | **६०१३५०३७३.५१** | | **जम्मा** | | **६०१३५०३७३.५१** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्याङ्कन तथा स्वीकृत लेखापरीक्षण योजनाबमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि जोखिम विश्लेषण, नमूना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन, एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्षसहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षमा रहेको छ । रु.५ लाखभन्दा बढी खर्च भएका योजनाहरुको स्रेस्ता नमूना छनौटको माध्यमबाट लेखापरीक्षण गर्दा देखिएका व्यहोराका सम्बन्धमा कार्यालयका सम्बन्धित पदाधिकारीहरुसँग मस्यौदा प्रतिवेदनउपर मिति २०७६।८।२८ मा छलफल गरी कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्: | |
| | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने व्यवस्था अनुसार तेस्रो नगर सभा २०७५ अषाढ १३ गते बसी आषाढ मसान्तभित्र बजेट नगर सभाबाट पारित भएको छ । | |
| | **वित्तीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:** | |
| १. | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.७० लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.७९६१७०६। अर्थात अनुमान भन्दा १३.७४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका थप अन्य स्रोतको पहिचान गरी आय आर्जन बृद्धि गर्नेतर्फ थप पहल हुनुपर्दछ । | |
| २. | **खर्च गर्ने अख्तियारीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था भएपनि बजेट कार्यान्वयनको लागि अख्तियारी प्रदान गर्ने गरेको पाइएन । अतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी खर्च गर्नुपर्ने पर्दछ । | |
| ३. | **आन्तरिक आयः**<br>कार्यालयले यो वर्ष रु.७९६१७०६। आन्तरिक आय प्राप्त गरेकोमा नगरपालिका अन्तर्गतका १२ वटा वडाको आम्दानीसमेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनीक प्राप्ति खाता, आयको मासिक विवरणसमेत बनाउने गरेको देखिएन । नगरपालिकाको आयमा वडागत योगदान यकिन हुन सकेन । अतः आगामी दिनमा प्रत्येक वडाले मासिक आय विवरण तयार गरी नगरपालिकामा पठाउने र नगरपालिकाले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | |
| ४. | **आयव्ययको लेखा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ । | |
| *५.* | **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्नुपर्दछ । | |
| *६.* | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र नगरपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा नगरपालिकाले समितिको गठन गरेको देखिएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| *७.* | **<u>नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :</u>** नगरपालिकाले यस आ.व. मा क्षेत्रगत रुपमा देहायबमोजिमका नीति तथा कार्यक्रम पारित गरी कार्यान्वयनमा ल्याएको देखियो । | |

| सि.नं. | क्षेत्रगत नीति तथा कार्यक्रम | संख्या |
|---|---|---|
| १. | कृषि, भूमीसुधार, पशुपालन | २३ |
| २. | बन तथा वातावरण | ५ |
| ३. | सिंचाई | ३ |
| ४. | शान्ति सुरक्षा | ६ |
| ५. | यातायात | २३ |
| ६. | विद्युत तथा वैकल्पिक मार्ग | १० |
| ७. | धार्मिक साँस्कृतिक प्रवर्द्धन | ६ |
| ८. | सूचना संचार प्रविधि विकास | ८ |
| ९. | शिक्षा | ३३ |
| १०. | स्वास्थ्य | २० |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>११.</td><td>सामाजिक सुरक्षा</td><td>६</td></tr>
<tr><td>१२.</td><td>लगानी वातावरण सुधार / निजी क्षेत्र</td><td>४</td></tr>
<tr><td>१३.</td><td>खानेपानी सरसफाई</td><td>१०</td></tr>
<tr><td>१४.</td><td>शहर तथा वस्ती विकास</td><td>११</td></tr>
<tr><td>१५.</td><td>युवा तथा खेलकुद</td><td>७</td></tr>
<tr><td>१६.</td><td>प्राकृतिक स्रोत व्यवस्थापन</td><td>७</td></tr>
<tr><td>१७.</td><td>स्थानीय विकास सुशासन</td><td>११</td></tr>
<tr><td>१८.</td><td>नदी नियन्त्रण तटवन्ध निर्माण</td><td>५</td></tr>
<tr><td>१९.</td><td>सहकारी तथा गरिवी निवारण</td><td>६</td></tr>
<tr><td>२०.</td><td>आन्तरिक स्रोत परिचालन व्यवस्थापन</td><td>७</td></tr>
<tr><td>२१.</td><td>लक्षित वर्ग कार्यक्रम</td><td>८</td></tr>
<tr><td>२२.</td><td>पर्यटन विकास तथा पुरातात्विक क्षेत्र</td><td>८</td></tr>
<tr><td>२३.</td><td>राष्ट्रिय गौरवका योजना कार्यान्वयन</td><td>६</td></tr>
<tr><td>२४.</td><td>नगरपालिका विशेष कार्यक्रम</td><td>१९</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२५२</td></tr>
</table>
उपरोक्त नीति तथा कार्यान्वयनमा उल्लेख भएका तपशिलका व्यवस्था कार्यान्वयन हुन सकेको देखिएन। स्वीकृत कार्यक्रमको कार्यान्वयनमा नगपालिकाको प्रयत्न हुनुपर्दछ ।
<ul>
<li>राष्ट्रिय गौरवका योजनाहरुको द्रुत कार्यान्वयन, प्राथमिकीकरण,</li>
<li>नगरक्षेत्रका महत्वका कार्यक्रमहरु,</li>
<li>एकघर एक धारा अभियान,</li>
<li>पूर्ण सरसफाईयुक्त नगर घोषणा,</li>
<li>नगर सडक गुरुयोजना,</li>
<li>स्वर्णिम चतुर्भुज अवधारणाका सडक सञ्जाल विकास,</li>
<li>शित भण्डार निर्माण,</li>
<li>साँस्कृतिक पर्यटकीय नगर विकास</li>
</ul>
</td><td></td></tr>
<tr><td>८.</td><td>बजेट तथा कार्यक्रम तर्जुमा :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९.</td><td>बजेट अबण्डा :<br>विनियोजन ऐन, २०७५ अनुसार नगर सभाले आयतर्फ नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान रु.२०</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | करोड ३३ लाख, वित्तीय समानीकरण अनुदान रु.११ करोड ४४ लाख, राजश्वको बाँडफाँडबाट प्राप्त अनुदान ९ करोड ७१ लाख १ हजार, प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु.७१ लाख ९० हजार, आन्तरिक स्रोत रु.६० लाख, गत आ.व. को बाँकी सञ्चित कोष रु.२ करोड ३३ लाख ५७ हजार, अन्य निकायगत अनुदान रु.५८ लाखसमेत रु.५१ करोड ९६ लाख ९४ हजार तथा व्ययतर्फ चालु खर्च रु.४ करोड ४० करोड, पूँजीगततर्फ नगरस्तरिय कार्यक्रमतर्फ १४ करोड ४९ लाख ४७ हजार, वडास्तरिय कार्यक्रम रु.६ करोड ४८ लाखसमेत रु. २० करोड ९७ लाख ४७ हजार तथा सशर्ततर्फका केन्द्रीय कार्यक्रमतर्फ रु.३० करोड ९९ लाख ४७ हजार विनियोजन गरेको देखियो । सोमध्ये आन्तरिक स्रोतमध्ये रु.६० लाख भैपरी आउने पूँजीगत शिर्षकमा अवण्डा राखी खर्च गरेको छ । ऐन नियमको सीमाबाहिर गएर अवण्डा बजेट व्यवस्था गरी नगरपालिकाको पटके निर्णयको आधारमा कार्यक्रम खर्च गर्नु उपयुक्त देखिएन । | |
| १०. | **चौमासिक खर्च:**<br>नगरपालिकाले उपलब्ध गराएको पूँजीगत खर्चको विवरणअनुसार प्रथम चौमासिकमा रु.१२१९३५०६।- अर्थात ५.९२ प्रतिशत, दोश्रो चौमासिकमा रु.६२८२८०२२।-, अर्थात ३०.५१ प्रतिशत र तेश्रो चौमासिकमा रु.१३०८९४०४६।-, अर्थात ६३.५७ प्रतिशत गरी जम्मा रु.२०५९१५५७४।-खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५६५०८३८०।- अर्थात २७.४४ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। | |
| ११. | **सशर्त अनुदान-**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्रअनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकामा अनुदानको रकम खर्च भई बाँकी रहेको रु.२१६७६८२९।९० संघीय संचित कोषमा दाखिला भएको छ ।<br>**मुक्त हलिया पुनर्स्थापना कार्यक्रम** अन्तर्गत रु.१ करोड ५७ लाख सशर्त अनुदान प्राप्त भएकोमा उक्त रकम निर्धारित कार्यक्रममा खर्च नगरी मूल कोषमा सारेर खर्च जनाएको देखियो । कार्यक्रममा खर्च नभएको रकम केन्द्रिय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु. | १५७००००<br>०/- |
| १२. | **राजश्व अभिलेख :**<br>लेखापरीक्षणको क्रममा नगरपालिकाले राजस्व आम्दानीको निर्णय, असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको देखिएन । यसबाट नगरपालिकाको वास्तविक राजस्व असुली र दाखिला यकिन हुन सकेन । नगरपालिकाले यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ। | |
| १३. | **व्यवसाय कर :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट ब्यवसाय कर उठाउन सक्ने ब्यवस्था रहेको छ । नगरपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार ब्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको अद्यावधिक लगत राखी राजस्व असुल गर्नुपर्नेमा लगत अद्यावधिक गरेको देखिएन । लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलनसमेत भएको नदेखिँदा नगरपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ल्याउनुपर्दछ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छनः** | |
| १४. | **तलबी प्रतिबेदन :**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १५. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन (नगर प्रोफाइल) तयार गरेको छ । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा नगर प्रोफाइलको कार्यान्वयन हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १६. | **कर्मचारी ब्यवस्था :**<br>निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ति ब्यवस्थापन गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी ६८ रहेता पनि पदपूर्ति ८ रहेको देखियो । ६० पद रिक्त रहेका छन् । तिमध्ये १० जना करारमा राखी कार्यसञ्चालन गरिएको छ । जनशक्तिको अभावमा नगरपालिकाको कार्यसम्पादन र सेवाप्रबाहमा समेत असर परेकाले दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ ।<br>त्यस्तै कार्यालयमा राजश्व बाँडफाँड संघीय सरकारबाट तलवभत्ता भुक्तानी गर्ने गरी दरवन्दी तेरिजभन्दा वाहिरका नगरपालिकाबाट नियुक्त ३० जना तथा वडा कार्यालयबाट नियुक्त २४ जना प्राविधिक तथा कार्यालय सहयोगीहरु नियुक्त गरेको पाइयो । नगरपालिकाले कर्मचारी नियुक्त गर्दा आवश्यकता र आन्तरिक स्रोतको उपलब्धता समेतलाई बिचार गरी नियुक्त गरिनुपर्दछ । | |
| १७. | **आन्तरिक नियन्त्रण प्रणाली** :<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।<br>● जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत अद्यावधिक गर्नुपर्नेमा गरेको छैन ।<br>● मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा केहि सामानहरुको मूल्य खुलाएको छैन ।<br>● मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समय मै नदिई आर्थिक वर्षको अन्त्यमा आंशिक रुपमा मात्र जानकारी दिएको<br>● स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | चौमासिकमा खर्च गरेको,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>• वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन दिने नगरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेमा दररेट तोकेको छैन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।<br>• कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरेको देखिएन ।<br>• यस नगरपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सि खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>• *विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु पर्नेमा हस्तलिखित भर्पाइ मात्र संलग्न गरेको पाइयो ।*<br>• *सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाख भन्दा बढिको निर्माण कार्य गराउँदा विमा गराउनु पर्नेमा अधिकांश सडक संरचना सिंचाई खानेपानीका योजनाहरुको ठेक्कामा विमा गराएको छैन ।*<br>• *सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।*<br>• *सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।*<br>• वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक क्रियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि एकमुस्ट राखी भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्नेमा नगरेको, भ्रमण अभिलेख खाता नराखेको<br>• खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको,<br>• कन्टिन्जेन्सी खर्चको अभिलेख रजिष्टर नराखेको,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण बनाई लागु नगरेको,<br>• कार्यक्रमगत खाता नराखेको कारण कार्यक्रमगत प्रगति यकिन गर्न नसकिएको<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १८. | **रसिद नियन्त्रण प्रणाली :** कार्यालयले रसिद हानी नोक्सानी एवं दुरुपयोग नहोस भन्नका लागि रसिद नियन्त्रण खाता राख्नुपर्नेमा सो खाता राखेको देखिएन । जसले गर्दा गतवर्षको रसिद मौज्दात, यस वर्ष छपाई गरेको रसिद संख्या, यस वर्षको रसिद प्रयोग स्थिति तथा रसिदको बाँकी रहेको मौज्दातसमेत यकिन हुन सकेन । कार्यालयले रसिद नियन्त्रण खाता राखी सो खातामा आम्दानी र खर्च विवरण व्यवस्थित रुपमा राख्नुपर्ने देखिन्छ । कतिपय वडाले आफैंले छापेरसमेत आय रसिदको प्रयोग गरेको पाइयो । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण र व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । | |
| १९. | **बार्षिक खरिद योजना/ गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस नगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२०५३४९०३४।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर नगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २०. | ***सवारी साधन खरिदको विवरण** : नगरपालिकामा भएका सवारी साधन सम्बन्धी विवरण देहायबमोजिम छः* | |

| क. सं | सवारी साधन | खरिद संख्या | मूल्य (रु. हजारमा) | प्रयोग गर्ने पदाधिकारी संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | जीप | १ | ५५८५ | उप प्रमूख | ०७५।७६ मा खरिद |
| १ | जीप | १ | २८८०.५३ | कार्यालय प्रयोजन | |
| २ | टिपर | १ | २५९५ | | |
| ३ | डोजर | १ | ३८९० | | |
| ४ | दमकल | १ | ४३०० | | |
| ५ | मोटरसाइकल | १२ | २५७८.८ | वडाध्यक्ष | |
| ६ | मोटसाइकल | ६ | ८८४.१८ | कर्मचारीहरु | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २१. | ***सेवाप्रवाहको स्थिति :*** *नगरपालिकाले नियमानुसार जनतालाई सेवा सुविधा दिनुपर्दछ । यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :* | |

| *सि.नं.* | *विवरण* | *जम्मा* |
|---|---|---|
| १ | स्वीकृत घर नक्सादर्ता पास (पुरानो ... तथा नयाँ ५२) | ५२ |
| २ | अस्थायी इजाजत प्रदान ियधभच त्भ द्यछ ीभखर्भा | पेश नभएको |
| ३ | स्थायी इजाजत प्रदान म्एत्रृ ीभखर्भा द्दण्ठद्धरठछ | " |
| ४ | निर्माण सम्पन्न सिफारिस (पुरानो तथा नयाँ) | " |
| ५ | निर्माण सम्पन्न हुन बाँकी | " |
| ६ | नक्सा पास नभएका पुराना घरहरुको अभिलेखीकरण | " |
| | *पञ्जिकरण तर्फ* | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| ७ | जन्मदर्ता | १५४७२ |
| ८ | मृत्यु दर्ता | |
| ९ | बसाईसराई दर्ता | |
| १० | बिबाहदर्ता | |
| ११ | सम्बन्ध विच्छेद दर्ता | |
| | **अन्य सिफारिस** | - |
| १२ | घरबाटो सिफारिस | ६८० |
| १३ | नागरिकता सिफारिस | २३४६ |
| १४ | नाता प्रमाणित | ८८५ |
| १५ | अन्य | ५४६ |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| १६ | कालोपत्रे सडक निर्माण | पेश नभएको |
| १७ | कालोपत्रे सडक मर्मत | " |
| १८ | ग्राभेल सडक निर्माण | " |
| १९ | ग्राभेल सडक मर्मत | " |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार नगरपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा आएको देखिएन । सिफारिस लगायतका अत्यावश्यक सेवा समेत दिन नसेकेको नगरपालिको सेवाप्रवाहको स्थितिमा सुधार हुनु पर्दछ ।

२२. **कानून निर्माण र कार्यान्वयन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष नगरपालिकाले तर्जुमा गरेका निम्न कानूनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् :

| सि.नं. | कानूनको नाम |
|---|---|
| १. | स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ |
| २. | एकिकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ |
| ३. | न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ |
| ४. | परशुराम नगरपालिकाको शिक्षा नियमावली, २०७५ |
| ५. | परशुराम नगरपालिका सहकारी ऐन, २०७४ |
| ६. | परशुराम नगरपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली |
| ७. | परशुराम नगरपालिकाको कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन ऐन |
| ८. | परशुराम नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४ |
| ९. | परशुराम नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ |
| १०. | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ |
| ११. | परशुराम नगरपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४ |
| १२. | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ |
| १३. | नगरसभा सञ्चालन कार्यविधि,२०७४ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | बेरुजू रकम |
|---|---|---|---|
| | १४. | इक्विपमेण्ट र सवारी साधन सञ्चालन कार्यविधि, २०७५ | |
| | १५. | आधारभुत स्वास्थ्य तथा सरसफाइ कार्यविधि, २०७५ | |
| | १६. | नगर कार्यपालिका कार्य विभाजन नियमावली, २०७४ | |
| | १७. | परशुराम नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ | |
| | १८. | योजना अनुगमन तथा समन्वय कार्यविधि, २०७५ | |
| | १९. | परशुराम नगरपालिकाका कर्मचारीहरुको आचारसंहिता, २०७५ | |
| | २०. | नगर प्रहरी कार्यविधि, २०७५ | |
| | २१. | टोल विकास संस्था गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ | |
| | २२. | नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ | |
| | २३. | पदपुर्ति समिति गठन कार्यविधि, २०७५ | |
| | २४. | स्थानीय सरकार शिक्षक व्यवस्थापन कार्यविधि, २०७५ | |
| | २५. | परशुराम नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४ | |
| | २६. | एफ एम रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७५ | |
| | २७. | स्थानीय उर्जा विकास सम्बन्धी निर्देशिका, २०७५ | |
| | २८. | आधारभुत तह कक्षा ८ को अन्तिम परीक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि, २०७४ | |
| | २९. | आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५ | |
| २३. | **कल्याण कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गनुर्पर्ने व्यवस्था छ । नगरपालिकाको कल्याण कोषमा गत वर्षसम्म रु.५४७०५५।११ मौज्दात रहेकोमो यो वर्ष एकमुष्ठ रुपमा रु.४ लाख रकम जम्मा गरी रु.९४७०५५।११ मौज्दात रहेको देखियो । ऐनमा भएको व्यवस्था पालना गरी आवश्यक कार्यविधि बनाएर मात्र उक्त कोषबाट बजेट खर्च गर्नुपर्दछ । | | |
| २४. | **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था रहेको छ । नगरपालिकाले ३ सदस्य रहेको न्यायिक समिति गठन गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७५/७६ मा २८ वटा मुद्दाका फिराद दर्ता हुन आएकोमा समितिले २८ वटै मुद्दा फछ्र्यौट गरेको, सोमध्ये २० मुद्दा मेलमिलापमार्फत फर्छ्यौट गरेको छ । समितिले नगरपालिकाको वडागत रुपमा परेका विवाद दर्ता अभिलेख रहेको देखिएन । सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुर्‍याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी नगरपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न गाँउपालिकाले विशेष ध्यान दिनुपर्दछ । | | |
| २५. | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा | | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार नगरपालिकाबाट देहायबमोजिम रु. १०५३६००० /- सुविधा वापत भुक्तानी भएको छ ।<br>
<table>
<tr><th>सि. नं</th><th>विवरण</th><th>प्रमुख/अध्यक्ष</th><th>उपप्रमुख</th><th>वडा अध्यक्ष ७ जना तथा कार्यपालिका सदस्य २० जना</th><th>सभाका सदस्य ४१ जना</th><th>जम्मा</th></tr>
<tr><td>१.</td><td>मासिक सुविधा</td><td>३५०००</td><td>३००००</td><td>५३७६०००</td><td>३९३६०००</td><td>१०३५२०००</td></tr>
<tr><td>२.</td><td>सञ्चार सुविधा (मासिक दरमा)</td><td>१६००</td><td>१५००</td><td>१३४४००</td><td>०</td><td>१८४०००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>१०५३६०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६.</td><td>पदाधिकारी अन्य सुविधाः<br>सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । नगरपालिकाले ऐनले तोकेको सुबिधावाहेक बैठक भत्ता रु.९५००००।-, तथा अनुगमन भत्तावापत रु.६६२०००।- सहित जम्मा रु.१६१२०००।- सुविधा खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम सँगत नदेखिएको रु.</td><td>१६१२०००/-</td></tr>
<tr><td>२७.</td><td>आर्थिक सहायताः<br>नगरपालिकाले पारित गरेको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५ मा व्यक्ति तथा संस्थाहरुलाई वडा कार्यालयको सिफारिसमा एक पटकमा अधिकतम रु.२५०००।- सम्म आर्थिक सहायता प्रदान गर्न सक्ने व्यवस्था छ । नगर कार्यपालिकाको पटके निर्णयका आधारमा अवण्डा भैपरी आउने तथा पूँजीगत कन्टिन्जेन्सी शिर्षकबाट रु.२५ हजार देखि २ लाखसम्म प्रतिव्यक्तिका दरमा विभिन्न व्यक्तिलाई उपचार खर्च, आगजनी राहत जस्ता सिफारिसका आधारमा रु.१८ लाख ३० हजार खर्च लेखेको छ । यस्तो आर्थिक सहायता खर्च वितरण गर्ने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था नभएको, आर्थिक सहायतासम्बन्धी नगरपालिकाको कार्यविधिले गरेको व्यवस्थाभन्दा बाहेक क्षतिपूर्ति, आर्थिक सहायता, चन्दा पुरस्कार खर्च लेखेको देखिँदा खर्च रकम अनियमित देखिएको रु.</td><td>१८३००००/-</td></tr>
<tr><td></td><td>कार्यक्रम तथा योजनागत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:</td><td></td></tr>
<tr><td>२८.</td><td>योजना र कार्यान्वयनः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त व्यवस्थाको पालना गरी आगामी योजना तर्जुमा हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>लक्ष्य प्रगतिको स्थितिः<br>नगरपालिकाले सञ्चालन गरेका कार्यक्रमको चौमासिक प्रगति विवरण तयार गरी सभामा पेश गर्नुपर्नेमा नगरपालिकाले प्रगति विवरण तयार गरेको देखिएन । नगरपालिकाबाट सञ्चालन भएका स्थानीय स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका सबै आयोजनाको निर्धारित ढाँचामा प्रगति विवरण तयार गरी कार्यक्रमगत खर्च तथा प्रगति प्रतिवेदन तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०.</td><td>प्राविधिक बिल र कार्य सम्पन्नः</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३१. | **सभाको निर्णय कार्यान्वयन-**<br>मिति २०७५।३। मा सम्पन्न नगरपालिकाबाट पारित विभिन्न क्षेत्रगत २४ वटा कार्यक्रम तथा अन्तर्गतका ५२ वटा सहायक कार्यक्रमसमेतको कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| ३२. | **उपभोक्ता समिति छनौट -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्रही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी छनौट कार्य पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ३३. | **खर्च अनुमोदन–**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्नुपर्नेमा गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ३४. | **योजना हस्तान्तरण:**<br>निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनैपनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ३५. | **सार्वजनिक तथा सामाजिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने व्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । पारदर्शिता एवं सहभागिता वृद्धिमा सामाजिक परीक्षणले सहयोग पुग्ने हुँदा उक्त परीक्षणलाई प्राथमिकता साथ कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| ३६. | **गुणस्तर परीक्षणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप लगायत सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| ३७. | **अनुगमनः**<br>स्थानीय सरकार संञ्चालन ऐन २०७४ दफा ९२(४)अनुसार स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमहरु सम्पन्न भएपछि अनिवार्य अनुगमन गरी निर्माणमा भए गरेको स्थिती एवं सुधार सहितको सुझाव दिनुपर्ने व्यवस्था छ । सो अनुसार नगरपालिकाबाट सम्पन्न भएका सडक लगायतका पूर्वाधारका कार्यक्रममा बजेट खर्च गरिएको तर प्रतिवेदनमा अनिवार्य खुलाउनु पर्ने कामको परिमाण,गुणस्तर लगाएतका विषयहरु उल्लेख नगरी केवल हस्ताक्षर मात्र गरी प्रतिवेदन दिने गरेको देखियो । ऐनको व्यवस्था अनुसार रु ५ लाख भन्दा माथी वजेट खर्च भएका योजनाको विधिवत गठित समितिले योजनाहरुको कार्य सम्पन्न भए पश्चात विस्तृत अनुगमन गरी यकिन काम भएको परिमाणको भुक्तानी सिफारिसको आधारमा कार्यालयले भुक्तानीी दिने व्यवस्था परिपालना हुन सकेको देखिएन । योजनाको अन्तिम भुक्तानी हुनु अगाडी अनुसूचिमा तोकिएको ढांचामा अनिवार्य अनुगमन प्रतिवेदन अद्यावधिक गरी समितिको सिफारिसका आधारमा भुक्तानी हुनु पर्दछ । | |
| ३८. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । यसले गर्दा पूँजीगत एवं चालु खर्चमा कन्टिन्जेन्सी खर्चको अवस्था यकिन गर्न सकिएन । कार्यालयले कन्टिन्जेन्सी खर्चको कार्यक्रमगत आम्दानी खर्चको अभिलेख राखि कन्टिन्जेसी रकमको तोकिएको क्षेत्रमा उपयोग तथा नियन्त्रणको ब्यवस्था गरिनुपर्दछ । | |
| | **वित्तिय समानिकरण (पूँजीगत)** | |
| ३९. | **मुल्य अभिबृद्धि कर:**<br>आर्थिक विधेयक, २०७६ ले मू.अ.कर ऐन, २०५२ मा गरेको संशोधित ब्यवस्था एवं मू.अ.कर नियमावली, २०५३ को २१ औ संशोधनअनुसार ६(ग) को थप ब्यवस्थाले कार्यालयले ठेक्का, परामर्श, सामान आपूर्तिमा आर्पूतकलाई बिजकअनुसार थप भुक्तानी हुने मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशतले हुनआउने रकम कार्यालयबाट भुक्तानी खर्च लेख्दा कट्टा गरी सम्बन्धित आर्पूतकको स्थायी लेखा दर्ता रहेको आन्तरिक राजस्व कार्यालयको कोडमा नै दाखिला गर्नुपर्ने ब्यवस्था रहेकोमा नगरपालिकाले २०७६ जेष्ठ १५ पछाडीका भुक्तानीमा थप दिएको मु.अ.कर रकमको ५० प्रतिशतले हुने रकम कट्टा नगरी पुरै मु.अ.कर भुक्तानी दिएको देखियो । परीक्षण भएका भौचरहरुको आधारमा देखिएका उल्लेखनीय मू.अ.कर कट्टी नगरेको कर रकमको मु.अ.कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | **१९२७५७७/-** |
| | | |
| ४०. | **न्यून बजेट योजना:**<br>*नगरपालिकाको नगर सभाबाट योजना स्वीकृत गराउँदा श्रोतसमेतको अवस्था समेतलाई ध्यानमा राखी योजना खण्डिकरण रोक्ने उद्देश्यका साथ रु.५ लाखभन्दा कम बजेट रकम भएका योजनामा नगर सभाबाट बजेट स्वीकृत गरी यस वर्ष सिचाई खानेपानी, विद्यालय भवन निर्माण लगायतका रु.२५ हजार देखि ५ लाख भन्दा कम बजेट विनियोजन भएका ११३ योजनामा रु.४ करोड ७ लाख ७२ हजार बजेट स्वीकृत गरी खर्च भएको स्थिति निम्नानुसार छ:* | |

| क्षेत्रगत कार्यक्रम | वडा नं. | योजना स्वीकृत संख्या | विनियोजित बजेट | खर्च |
|---|---|---|---|---|
| पूर्वाधा, सिंचाई, खानेपानी, भवन मर्मतसमेत | १ | ३२ | ४५००००० | ४५००००० |
| " " " | २ | ४० | ४५००००० | ४५००००० |
| " " " | ३ | ४३ | ४५००००० | ४५००००० |
| " " " | ४ | २७ | ४५००००० | ४५००००० |
| " " " | ५ | ३३ | ४५००००० | ४५००००० |
| " " " | ६ | २३ | ४५००००० | ४५००००० |
| " " " | ७ | ३२ | ४५००००० | ४५००००० |
| " " " | ८ | २० | ४५००००० | ४५००००० |
| " " " | ९ | ३१ | ४५००००० | ४५००००० |
| " " " | १० | ३२ | ४५००००० | ४५००००० |
| " " " | ११ | २९ | ४५००००० | ४५००००० |
| " " " | १२ | २२ | ४५००००० | ४५००००० |
| नगरस्तरिय योजना | | ७२ | ७२३००००० | ७२३००००० |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४१.</td><td>बर्षान्तमा रकमान्तरः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । नगरपालिकाको नीति तथा कार्यक्रममा योजना कार्यान्वयन सम्बन्धमा बैशाख मसान्त पछि यस्तो रकमान्तर तथा उपभोक्ता सँग कार्यान्वयन सम्झौता नगरिनेसमेत उल्लेख छ । यो वर्ष कार्यपालिकाले मिति २०७५।३।५ को निर्णयबाटमात्र ८८ वटा स्वीकृत कार्यक्रमको रु.२ करोड २५ लाख ९९ हजार ५ सय बजेट विभिन्न नयाँ ९१ वटा योजनामा आषाढ महिनामा आएर रकमान्तर गरेको देखियो । कार्यालयले योजना तर्जुमा गर्दा विस्तृत सर्भेक्षण तथा प्राथमिकीकरण गर्न नसक्दा नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन हुन नसकी रकमान्तर गरी अन्यत्र खर्च गर्नुपर्ने अवस्था देखियो । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४२.</td><td>उपभोक्ता समितिले सम्झौता अनुसार कार्यान्वयन जिम्मा लिएको निर्माणको काम निर्माण व्यवसायी मार्फत गराएको :<br>क).उपभोक्ता समितिलाई निर्माण कार्यको बढीमा रु.१ करोडसम्मको लागत अनुमानको कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन सकिने व्यवस्था छ । यसरी उपभोक्ताले सम्झौता गरी लिएको योजना पुनः तेस्रो पक्षलाई करार गराई दिन नमिल्ने उल्लेख भएकोमा कार्यालयसँग सम्झौता गरेका अधिकांश ग्रामिण सडकहरु, लघु जलविद्युत योजनाहरु उपभोक्ताले ठेकेदारसँग पुनः सम्झौता गरी ग्रामिण सडकमा एक्साभेटर लगाएर खनी ठेकेदारको बिल संलग्न गरी भुक्तानीको लागि पेश गर्ने गरेको देखियो । प्राविधिकहरुले लागत अनुमान तयार गर्दा जनश्रमदानको Component अनुसारको रकम यकिन गरी कुल लागत अनुमान तयार नगर्ने, सम्झौताअनुसारको भुक्तानी बिल तयार गर्दासमेत उपभोक्ताको सम्झौतामा कबोल अंकको जनश्रमदानको Component अनुसारको कामको मूल्याङ्कन बिल तयार नगरेकाले कार्य सम्पन्न प्रतिवेदनमा एकमुष्ट कुल मूल्याङ्कन रकमबाट भुक्तानी हुने अंश कट्टा गरी बाँकी बचत रकम उपभोक्ताको जनश्रमदान भनि बिलको अन्तिम हरफमा उल्लेख गर्नाले उपभोक्ताको यथार्थ जनश्रमदानको यकिन हुन सक्ने अवस्था देखिएन । उपभोक्तासँग गरेका सम्झौतामा न्यूनतम १५ प्रतिशत श्रमदान अनिवार्य गरेकोमा उपभोक्ताले ठेकेदारलाई सडक निर्माणको कार्य सवलेटमा दिएकाले श्रमदानको अंश समावेश हुन सक्ने अवस्था देखिएन ।<br><br>ख) सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९)(१०) बमोजिम उपभोक्ताबाट सम्पन्न गर्ने गरी सम्झौता भएका निर्माण कार्यमा डोजर,लोडर एक्साभेटर जस्ता हेभी मेशीनहरुको प्रयोग गर्न नमिल्ने तर लागत अनुमान तयार गर्दा नै उक्त मेशीन प्रयोग गर्नुपर्ने प्रकृतिको काम उल्लेख भएका मेशीनको प्रयोग गर्न सकिने उल्लेख छ । यसरी उपभोक्ता समितिले सम्झौताबाट लिएको निर्माण कार्य पुनः सवलेटमा ठेकेदारबाट गराउन सकिने छैन भनी उल्लेख छ । निकायले सिचाई, खानेपानी तथा ग्रामीण सडकका सवैजसो योजनाहरु उपभोक्ता समिति मार्फत गराउन सम्झौता गरेकोमा ती समितिहरुले आ आफुले जिम्मा लिएका निर्माणका कार्यहरु पुनः निर्माण व्यवसायीसँग सम्झौता गरी मू.अ.कर विजक जारी गरी निर्माण कार्य गराइ मु.अ. कर रकम थप गरी भुक्तानी लिएको अवस्था छ । एक्जाभेटर, ब्रेकर जस्ता सामानको प्रयोग गरी निर्माण व्यवसायीबाट सम्पन्न गराएका समितिहरुले सम्झौता गरेका योजनाका केही उदाहरण निम्न छन ।<br>
<table>
<tr><th>सि. नं.</th><th>उपभोक्ता समिति</th><th>योजनाको नाम</th><th>सम्झौता रकम</th><th>ठेकेदारबाट गराएको कामको</th><th>ठेकेदारको नाम</th></tr>
</table>
</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | भुक्तानी रकम | |
|---|---|---|---|---|---|
| १ | जोगबुढा सिमलखेत तातापानी कराली स.नि.उ.स. | जोगबुढा सिमलखेत कराली सडक | १५००० ०० | १५००००० | प्रशान्त निर्माण सेवा |
| २ | जोगबुढा गुप्तेगडा गैराखान लिप्ना स.नि.उ.स. | जोगबुढा गुप्तेगडा गैराखान लिप्ना सडक | १५००० ०० | १४९८३५० | महादेवेन्द्र निर्माण सेवा |
| ३ | जोगबुढा गाइबाँध्ने जमरानी स.नि.उ.स | जोगबुढा गाइबाँध्ने जमरानी सडक | १५००० ०० | १४९८३५० | सुर्यपाल निर्माण सेवा |
| ४ | जोगबुढा कलेना बोडा मकला स.नि.उ.स. | जोगबुढा कलेना बोडा मकला सडक | १५००० ०० | १२८५००० | " " |
| ५ | शिर्ष मार्का सिमल्टा आसुरानी स.नि.उ.स. | शिर्ष मार्का सिमल्टा आसुरानी सडक | ५०००० ० | ५००००० | भगवति कन्स्ट्रक्सन |
| ६ | जोगबुढा सादनी घुम्टेगडा गैरीखान स.नि.उ.स. | जोगबुढा सादनी घुम्टेगडा गैरीखान सडक | १०००० ०० | ९९९००० | आलोक निर्माण सेवा |
| **जम्मा** | | | **७५००० ००** | **७२८०७००** | |

जोगबुढा सिमलखेत तातापानी चादनी सादनी कराली सडक निर्माण उपभोक्ता समितिको बिल तयार नगरी नापी सिटको आधारमा सडकको चेनेजसमेत नखुलाई सडक चौडा गर्ने कार्य कटिङसमेत विभिन्न सेक्सन भनी नापी कितावमा मूल्यांकन गरेको छ । उक्त मूल्यांकन अनुसार Supply of Natural Sub-base Material (Gravel) स्वीकृत प्रति घन मिटरको रु.९०३.२० रहेकोमा नापी कितावको अद्यावधिक भएको काम ८२२.२९ घन मिटर को रु.१२८२.३६ का दरले खर्च दावी गरेकाले प्रति घन मिटर रु.३७९.१६ वढीका दरले मूल्यांकन भएको ८२२.२९ घन मिटरको रु.३११७७९।४८ वढी भुक्तानी भएकाले असुल हुनुपर्ने रु. — **बेरुजू रकम: ३११७७९/४८**

४३. **उपभोक्ता समितिको बिल भुक्तानी** : नगरपालिकाले उपभोक्ता समितिमार्फत सञ्चालन गरेका योजनाहरुको बिल भरपाई परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्न रहेका छन्:

- *विद्यालयलाई दिने अनुदान समेत विद्यालय व्यवस्थापन समितिलाई परीचालन नगरी छुट्टै समिति बनाएर खरिद एवं निर्माण गर्ने गरेको ।*
- *लागत अनुमान जती तोकेको छ Actual work पनि हु बहु उतार गरी सोही बरावरकै कार्य सम्पन्न गर्ने गरेको, बिलमा अद्यावधिक भएको कामको परिमाण उल्लेख नगरी रकममात्र लेखी बिल बनाउने गरेको*
- *बिलको जोड जम्मा प्रथम अन्तिम बिलको जोड जिम्मेवारी भिडान नहुने अवस्था देखिएको*

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

- *अधिकाशंमा अनुगमन समितिको प्रतिवेदन वेगर नै भुक्तानी गर्ने गरेको छ भने केहीमा अनुगमन समितिले निर्देशन दिएका विषयहरु रनिङ्ग बिलमा नसच्चाई काम नभएको भनी अनुदान कट्टी सिफारिस गर्दा समेत स्वीकृत लागत अनुसारको बिल बनाई पुरै सम्झौताको अंक भुक्तानी दिने गरेको ।*
- *Measurement book मा रोड cutting गरेको quality र बिलमा उठाएको quantity फरक फरक उल्लेख गरी बजेट खर्च लेख्ने गरेको ।*
- *उपभोक्ताको योजना खातामा योजनासँग सम्बन्धीत विवरण भर्नुपर्नेमा सहिछाप मात्र गराई राख्ने गरेको उपभोक्ताको अशं नखुलाएको ।*
- *उपभोक्तालाई variation दिन नपाइने स्पष्ट व्यवस्था हुँदा हुदै स्वीकृत नगराई लागत अनुमान भन्दा बढीको बिल बनाई सम्झौताको पुरै रकम भुक्तानी गर्ने गरेको ।*

४४. **नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत** वडा कार्यालय भवन निर्माण थपतर्फ रु.१ करोड ८५ लाख तथा नयाँ वडा कार्यालय भवन निर्माणतर्फ रु.१ करोड समेत रु.२ करोड ८७ लाख बजेट विनियोजन भएकोमा भवन निर्माणको स्थिति निम्नानुसार देखियो ।

| सि. नं. | योजनाको नाम | विनियोजित बजेट | सम्झौता रकम | भुक्तानी रकम (भ्याटसमेत) | कैफियत |
|---|---|---|---|---|---|
| १. | वडा नं. १ भवन निर्माण थप | १८५००००० | ४४३५३१३ | ५००८३७१ | सम्पन्न |
| २. | वडा नं. २ भवन निर्माण थप | | ६८९६२०९.५६ | ४५४३५७४ | |
| ३. | वडा नं. ६ भवन निर्माण थप | | ४४३४४७४.५ | ५००८१२७.६७ | सम्पन्न |
| ४. | वडा नं. ११ भवन निर्माण थप | | ४६१४२४४ | ९००००० | पेश्की मात्र |
| ५. | वडा नं. ३ नयाँ भवन निर्माण | १०००००००० | ४५२१७१३ | ११७४९३७ | प्रथम रनिङ बिल भुक्तानी |
| ६. | वडा नं. ८ नयाँ भवन निर्माण | | ४३५३९१८ | ३४७०६२० | " " |
| ७. | वडा नं. ९ नयाँ भवन निर्माण | | ४६२४७०५ | ११७४९३७ | " " |
| ८. | वडा नं. १० नयाँ भवन निर्माण | | ४३६९७२३ | २२२१०२९ | " " |

निर्माणधीन यस आ.व.मा सम्पन्न हुनुपर्ने ४ भवन मध्ये २ वटामात्र सम्पन्न भएको छ । यस वर्ष शुरु भएका ४ वटा भवनमध्ये एउटामा मोविलाइजेसन पेश्की लिएर काम सञ्चालन नै हुन नसकेको, अन्य ३ वटामा प्रथम रनिङ बिल भुक्तानी भएको अवस्था छ । निर्माणधीन भवनहरु समयमा नै सम्पन्न हुनेगरी नगरपालिकाले ठेकेदारलाई आवश्यक निर्देशन दिई निर्माण कार्यमा प्रगति हासिल गर्नुपर्दछ ।

४५. **वितरित भरपाईको आधिकारिकता सम्बन्धमाः**
नगरपालिकाले स्वीकृत बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्नेमा नगरपालिकाबाट सञ्चालित कार्यक्रम सञ्चालन गर्दा पेश भएका वितरणका भरपाईमा तिथिमिति उल्लेख नभएको, हस्ताक्षर नै नरहेका, अधिकांश भरपाईहरु सादा पानामा पेश भएको देखियो, यस्ता बिलको आधिकारिक व्यक्तिबाट सहिछाप गराई नगरपालिकाले वडा र केन्द्रमा तोकेका कर्मचारीले प्रमाणित गरेको समेत पाईएन । पहिचान स्पष्ट खुल्ने किसिमका बिलभरपाई तयार गरी सो लाई आधिकारीक व्यक्तिबाट

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

प्रमाणित भई आए पछि मात्र यस्ता रकम भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ ।

| गो.भौ.नं. /मिति | कार्यक्रमको नाम | कार्यक्रम खर्च |
|---|---|---|
| ८७/२०७५/८/२८ | सडक सफाई र मर्मत(वडा न १०) | २००००.०० |
| ९०/२०७५/८/२ | सडक सफाई र मर्मत(वडा न (६) | २००००.०० |
| १३२/२०७५/८/२८ | विद्युत पोल गाड्ने काम(वडा न (१२) | १६८००.०० |
| २०२/२०७६/१/१७ | काठेपूल निर्माण | १६०००.०० |
| २१३/२०७६/३/१६ | सडक सफाई | २००००.०० |
| जम्मा | | ९२८००.०० |

४६. **विविध खर्च सम्बन्धमाः**

कार्यालयले स्वीकृत बजेट रकम खर्च गर्दा विल भरपाईसहित लेखा राख्नुपर्नेमा विविध खर्च तथा विभिन्न कार्यक्रम सञ्चालन गर्दा खर्च देखाइएको निम्नबमोजिमको खाजा/खाना वापतको रकम के प्रयोजनका लागि कुन-कुन कार्यक्रममा खर्च गरिएको सो सम्बन्धी स्वीकृत कार्यक्रम लागत अनुमानवेगर प्रयोजन नै नखुलाई खर्च भएको देखिएकाले नियम सँगत नदेखिएको रु.

४७००९७/-

| गो.भौ.नं./मिति | विल /रकम | विवरण |
|---|---|---|
| १४/२०७५/१०/३ | २३५५५.०० | कार्यालय सञ्चालन |
| ८९/२०७६/३/१७ | ३८७९२.०० | कार्यालय सञ्चालन |
| १७/२०७५/६/१० | १४९००.०० | आन्तरिक श्रोत |
| २८/२०७५/६/१२ | ५९८४५.०० | आन्तरिक श्रोत |
| ७५/२०७५/७/९ | ५२०००.०० | आन्तरिक श्रोत |
| ८०/२०७५/७/१ | ६४०५०.०० | आन्तरिक श्रोत |
| ९१/२०७५/८/२ | ५६१००.०० | आन्तरिक श्रोत |
| १०१/२०७५/८/६ | ९८७८०.०० | आन्तरिक श्रोत |
| २१६/२०७६/२/१६ | २००००.०० | आन्तरिक श्रोत |
| २२५/२०७६/३/१६ | ४२०७५.०० | आन्तरिक श्रोत |
| जम्मा | ४७००९७ | |

४७. **बिल भरपाईवेगर अनुदान खर्चः**

कार्यालयले सार्वजनिक खरिद नियमावली, २०६४ नियम ३६(३) बमोजिम अनुदान रकमको खर्च गर्दा खर्चको बिल भरपाइसहितको लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न धार्मिक महोत्सव, प्रतियोगिता, दिवस लगायतका कार्यक्रमका लागि दिएको अनुदान रकमको बिल भरपाई बेगर सोझै खर्च लेख्ने गरेको छ । यस सम्बन्धमा देखिएको उदाहरण निम्न छन् ।

| गो.भौ.नं. /मिति | अनुदान लिनेको नाम | रकम |
|---|---|---|
| २८६, २०७६/३/१६ | अशिग्राम धार्मिक महोत्सव | १५०००० |
| ३१८, २०७६/३/२० | युनिटी बृहत साँस्कृतिक महोत्सव | २७०००० |

४८. **दोहोरो भुक्तानीः**

नगरपालिकाले यस वर्ष सञ्चालन गरेको पर्शुराम धाम महोत्सव, २०७५ को लागि वृत्तचित्र निर्माण, मिनी वृत्तचित्र निर्माण, लाइभ वृत्तचित्र निर्माण प्रशारण, छायांकन जस्ता कार्य गरेको भनी एउटै प्रकृतिको कामको विभिन्न ६ सेवा प्रदायकलाई परामर्श सेवा वापत रु.८२८५५०।- भुक्तानी लेखेको छ। महोत्सवकै लागि सापटी शोधभर्ना हुनेगरी गएको रकममध्ये रु.२३ लाखसमेत खर्च लेख्ने निर्णय गरेको

८२८५५०/-

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अवस्थामा पुनः थप वृत्तचित्र निर्माण प्रशारणको खर्चसमेत भुक्तानी दिएको देखियो । एकै किसिमको कामको लागि दोहोरो भुक्तानी खर्च लेखेको रकम अनियमित देखिएको रु. | |

| गो.भौ.नं. र मिति | परामर्शदाता | कार्य | भुक्तानी रकम |
|---|---|---|---|
| ४२१, २०७६/३/३१ | टि.भि. टुडे | परशुराम धाम महोत्सवको वृत्तचित्र निर्माण | १४७७५० |
| | गाउँघर मिडिया | परशुराम धाम महोत्सवको मिनी वृत्तचित्र निर्माण | १५०००० |
| ३१६, २०७६/३/२० | न्यु सन्तोष विज्ञापन एण्ड स्टेशनरी सप्लायर्स | परशुराम धाम महोत्सवको वृत्तचित्र निर्माण | १६९५०० |
| ३१७,२०७६/३/२० | एभिन्युज नेटवर्क | परशुराम धाम महोत्सवको live खिचेको | २११३०० |
| २७४, २०७६/३/१४ | वेष्टर्न मल्टिमिडिया | परशुराम धाम महोत्सव शैलेशपर्वत छायांकन | १५०००० |
| | | **जम्मा** | **८२८५५०** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४९. | **सफ्टवेयर खरिदः**<br>नगरपालिकाले सुशासन अभिवृद्धिका प्रशासनिक कार्यमा सहजता विश्वसनीयता एवं छिटोपनाका लागि योजना सञ्चालन सफ्टवेयर, जिन्सी सफ्टवेयर, सम्पत्ति कर लगायतका राजश्व अभिलेखांकन गर्ने सफ्टवेयर खरिद गरी रु.८७०१००।- खर्च लेखेको छ । यसरी खरिद गरिएका सफ्टवेयरहरु हालसम्म प्रयोगमा ल्याएको देखिएन । कार्यालयले हातले लेखी रसिद काट्ने गरेको, जिन्सी अभिलेख समेत हातले नै लेखी उपयोगमा ल्याएको, योजनाको समेत Detail Inventry हालसम्म नबनेको अवस्था रहेकाले सफ्टवेयरमा लगानी गरेको उक्त खर्च दुरुपयोग हुने अवस्था देखियो । उक्त सफ्टवेयर सञ्चालनमा ल्याई काममा सहजता ल्याउनुपर्ने देखिन्छ । | |
| ५०. | **पर्शुरामको मुर्ति निर्माणः**<br>नगरपालिकाले पर्शुराम धाम क्षेत्रमा पर्शुरामको ५० फिट अग्लो पत्थरको मुर्ति निर्माणका लागि रु.५० लाख बजेट विनियोजन गरेको छ । गत वर्ष उक्त मुर्तिको डिजाइनको लागि रु.५०००००।- सिस्मोटेक इन्जिनियरिङ कन्सल्टेन्सीलाई भुक्तानी भएको तथा यस आ.व.मा निर्माण कार्यको लुम्बीनी उग्रतारा सिद्धनाथ जे.भि. सँग रु.९२५६५२९।५३ (मु.अ.करसमेत) मा मिति २०७५।११।२३ मा सम्झौता भई २०७६ फाल्गुण २२ सम्म सम्पन्न गनुपर्ने गरी रु.९२५०००।- पेश्की गएकोमा स्थलगत रुपमा मुर्तिसम्बन्धी तयारी, मुर्ति निर्माणको कार्य शुरु नै नभएको अवस्था देखियो । हालसम्म उक्त मुर्ति निर्माणमा खर्च भएको रु.१४२५०००।- उपयोग विहिन देखिएको छ । | |
| ५१. | **गौरवका योजना कार्यान्वयनः**<br>ठे.नं. ११/CW/074-75 नगरपालिका कम्प्लेक्स निर्माण कार्यको रु.६ करोड ३९ लाख ४१ हजार (मु.अ.करसमेत) मा रोयल उग्रतारा सिंहनाथ जे.भिं सँग मिति २०७५।३।१४ मा सम्झौता भएको छ । गतवर्ष रु.५० लाख मोविलाइजेसन पेश्की गएको उक्त निर्माण कार्यको यसवर्ष दोस्रो रनिङ बिल पेश भई रु.१५६७५८८१।- भुक्तानी भएको छ । तर नापी कितावको दोस्रो बिलसम्मको नापजाँच विवरणमा रु.१२७२३२१५।८३ उल्लेख गरेको देखियो । ठेक्काको रनिङ बिलको भुक्तानी गर्दा नापी कितावमा मापन भएको यथार्थ कामको प्रमाणित विवरणका आधारमा मात्र हुने व्यवस्था लागु गर्नुपर्दछ । उक्त ठेक्काको म्याद मिति २०७७।३।१४ सम्म रहेका, निर्माण व्यवसायीले कम्प्लेक्स निर्माणको Work लगभग अन्तिम चरणमा पुगेको अन्य कार्यहरु बाँकी रहेको, वालको कार्य शुरु गरेको स्थलगत अनुगमनबाट देखियो । Working Schdule अनुसार करिव ८० प्रतिशत कार्य सम्पन्न गर्नुपर्ने समयमा ४९ प्रतिशत कार्य सम्पन्न भएको प्राविधिकले दिएको प्रगति विवरणबाट देखियो । नगरपालिकाको कार्यमा समेत स्थान अभाव भएको स्थितिमा उक्त निर्माण कार्यलाई समयमा सम्पन्न गर्नेतर्फ आवश्यक | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निर्देशन हुनुपर्दछ । | |
| ५२.ख | **अधुरो निर्माण कार्य:**<br>गो.भौ.नं. १४८ क, २०७६।१।८ चनैराज मन्दिर निर्माण कार्यको ल.ई. रु.३१७४५३/- स्वीकृत भई यस वर्ष रु.२ लाख बजेट विनियोजन एवं खर्च भएकोमा उक्त मन्दिरको Foundation को कार्य पनि सम्पन्न हुन नसकेको भुक्तानीका लागि पेश भएका फोटोसमेतका कागजातबाट देखियो । न्यून बजेट अनुदान विनियोजनका कारण अधिकांश पूर्वाधार निर्माण तर्फका नगरपालिकाले स्वीकृत गरी कार्यान्वियनमा ल्याएका योजनाहरु अधुरा अपुरा अवस्थामा प्रयोगगविहीन अवस्था रहेको देखिन्छ । यस्ता योजनाहरु नगरपालिकाले क्रमागतमा राख्न नसकेको कारण कुनैपनि योजना सम्पन्न हुनसक्ने अवस्था नरहेका, सम्पन्न नगरुन्जेल निर्माणाधिन संरचना उपयोगमा ल्याउनसमेत नसकिने हुँदा अधुरो निर्माण कार्यमा गरिएको लगानी खेरजाने अवस्था देखियो । अतः योजना अधुरा नरहने गरी योजनाका लागि बजेट विनियोजन गरी निर्माण कार्य सम्पन्न गर्नेतर्फ नगरपालिकाले आवश्यक व्यवस्था गर्नुपर्दछ । | |
| ५३. | **सापटी रकम शोधभर्ना:**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट सापटी खर्च लेख्ने व्यवस्था गरेको छैन । नगरपालिकाले पर्शुरामधाम महोत्सव, २०७५ सञ्चालन गर्न पर्शुरामधाम महोत्सव मूल समितिलाई शोधभर्ना गर्ने गरी निम्नानुसारका गो.भौ.नं.बाट सापटी रकम उपलव्ध गराएको देखियो ।<br><br>**सि.नं. / गो.भौ.नं. र मिति / सापटी गएको रकम**<br>१ / ५२, २०७५/९/४ / ५०००००<br>२ / ६०, २०७५/९/१० / १००००००<br>३ / ६४, २०७५/९/१३ / १००००००<br>४ / ७१, २०७५/९/२९ / १५०००००<br>**जम्मा** / **४००००००**<br><br>यसरी गएको रु. ४० लाख सापटी रकममध्ये गो.भौ. नं. ७४,७५ बाट रु.१५ लाख फिर्ता भएको र बाँकी रु.२५ लाखमध्ये मिति २०७६।२।३० को नगर कार्यपालिकाको बैठकको निर्णय नं. ५ बाट रु. २३ लाख सापटी रकम सम्पूरक कोषबाट खर्च लेख्ने निर्णयका आधारमा बिना बिल भरपाई खर्च लेखेको देखियो । साथै रु. २ लाख सापटी रकमको हिसाव कार्यालयले राखेको समेत देखिएन । सम्पूरक कोषको बजेट प्रदेश मन्त्रालयबाट जारी कार्यविधि २०७५ अनुसार पूर्वाधारका योजनामा बढीमा ४० प्रतिशत मात्र खर्च गर्न पाउने नीतिगत व्यवस्था विपरीत महोत्सवको लागि गएको सापटी रकमको हिसाव समायोजनमा खर्च लेख्न मिल्ने देखिएन । अतः सापटी दिएको रकम हिसाव मिलान हुनुपर्ने रु. | २५०००००/- |
| ५४. | **क्षेत्रबाहिर बजेट विनियोजन:**<br>नगर सभाले स्वीकृत गरेका योजना तथा कार्यक्रमहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेअनुसार हुनुपर्दछ । ऐनमा आफ्नो कार्यक्षेत्रभित्र मात्र विकास निर्माण, पूर्वाधार विस्तारका लागि बजेट विनियोजन गर्न सक्ने कानूनी व्यवस्था विपरीत नगरपालिकाले निम्नानुसार अन्य स्थानीय तहको कार्य क्षेत्रमा पर्ने स्थान विशेषको भौतिक पूर्वाधार निर्माणमा बजेट अनुदान दिई खर्च लेखेको देखियो । क्षेत्राधिकार बाहिर बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ, जसका केही उदाहरणहरु निम्न छन्:<br><br>**गो.भौ.नं./ मिति / निर्माणको प्रकृति / स्थानीय तह / भुक्तानीको रकम**<br>१९५, २०७६/२/७ / श्यालचौडी मन्दिरको भान्सा निर्माण / आलिताल वडा नं. ८ / १५००००<br>२५८, २०७६/३/६ / खिटकेश्वर मन्दिर / भागेश्वर गा.पा. / १५०००० | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २३६, २०७६/२/२९ | धुरा भागेश्वर मन्दिर | ” | ” | २३०००० |
| ४२०, २०७६/३/३१ | भागेश्वर मन्दिर धर्मशाला | ” | ” | ६९५००० |

५५. **नगद दाखिला गरि पे फ सम्वन्धमाः**

कार्यालयको कामको सिलसिलामा कर्मचारी तथा पदाधिकारीले लिएको पेश्की तोकिएको समयमा कार्यक्रम कार्यान्वयन गरी नियमानुसार फर्छ्यौट गर्नुपर्नेमा निम्न कर्मचारीहरुले लिएको कार्यक्रम पेश्की कार्यक्रम नगरी नगदै दाखिला गरि पेश्की फछ्र्यौट गरेको देखियो । यसरी कार्यक्रम सञ्चालन नै नगरि सोही रकम नगद दाखिला गरि पेश्की फछ्र्यौट गर्ने प्रवृतिमा नियत्रण गर्नुपर्ने देखिन्छ ।

| पेश्की लिनेको पद र नाम | पेश्की रकम |
|---|---|
| अ हे व नन्दराम नाथ | ४००००.०० |
| ले पा दिलेन्द्र प्रसाद जोशी | १०००००.०० |
| अ हे व गोविन्द सिंह साउद | ३००००.०० |
| **जम्मा** | **१७००००** |

५६. **भ्रमण आदेशवेगरको अनुगमन खर्च :**

नगरपालिकाले बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्नेमा भ्रमण आदेश वेगर विभिन्न समयको अनुगमन खर्च भनि भुक्तान गरेको निम्न बमोजिमको रकम नियम सँगत नदेखिएको रु

बेरुजू रकम: ४४८०००/

| गो. भौ. नं. र मिति | अनुगमन खर्च |
|---|---|
| २९/२०७५/६/१२ | १८०००.०० |
| ३७/२०७५/६/२१ | ५४५००.०० |
| १५२/२०७५/९/१७ | ३७०००.०० |
| २५१/२०७६/३/३१ | ३३८५००.०० |
| **जम्मा** | **४४८०००** |

५७. **प्रमाण पेश गर्नुपर्नेः**

स्वीकृत कार्यक्रम र बजेट निर्धारित कार्यमा खर्च गरी रितपूर्वकको बिल भरपाईसहितको लेखा राख्नुपर्नेमा कार्यालयले संस्थालाई कार्यक्रम सञ्चालन भनि प्रदान गरको रकम संस्थाले उपयोग गर्न पूर्ववत पेश गरेको कार्यक्रम अनुसार खर्च गरी सोको विल भरपाई सहितको भुक्तानी माग्नुपर्नेमा सम्वन्धीत संस्थाले आवश्यक खर्चका प्रमाण एवं सो कार्यक्रम सञ्चालन गरेको प्रमाण र वितरण भरपाई पेश नगरी रकम खर्च भएको देखियो । उक्त अनुदानको खर्चको प्रमाण पेश हुनुपर्ने अन्यथा संस्थाबाट असुल दाखिला हुनुपर्ने रु.

बेरुजू रकम: **२५००००/-**

| गो भौ न। मिति | संस्थाको नाम र ठेगाना | प्रदान गरेको रकम |
|---|---|---|
| २२९/२०७६/३/१९ | संगित सौगात सेन्टर धनगढी | २५००००.०० |

## पशु सेवा वीत्तीय समानिकरण (चालू र पूँजीगत)

५८. कृषि तथा पशु अनुदान वितरण कार्यविधि, २०७३ अनुसार विभिन्न संघ संस्था वा निकायलाई उपलब्ध गराएको अनुदान तोकिएबमोजिमको कार्यमा उपयोग भए नभएको, पूर्ण निर्धारित उपलब्धी हासिल हुन सके नसकेको, खर्चको पारदर्शिता रहे नरहेको सम्बन्धमा खर्च लेख्ने सार्वजनिक निकायले अनुगमन गरी प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । नगरपालिकाले आय आर्जनका कार्यक्रम सञ्चालन गर्दा विभिन्न समूह, संस्थालाई रु.२७०५६३९/- अनुदान वितरण कार्य कर्मचारीमार्फत पेश्की दिई सञ्चालन गरेको देखियो ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| गो.भौ.नं./ मिति | वितरण सामान | अनुदान प्राप्तकर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| २६४, २०७६/३/१२ | भैंसी- १० वटा | सिद्धबाबा भैंसिपालन | ४६५००० |
| १८५, २०७६/२/२ | भैंसी कृतिम गर्भाधान सामग्री | विभिन्न | ३६९००० |
| २५, २०७५/७/१२ | आलु बिउ | कालु सिं बोहरा | ४६०००० |
| ३२०, २०७६/३/२० | बिउ विजन | हर्क बहादुर बोहरा | ६५२००० |
| " " | बिउ विजन पोषण सामग्री | - | १४६६०९ |
| ३३३, २०७६/३/२३ | बिउ विजन खरिद | - | ५००००० |
| ४१५, २०७६/३/३१ | तरकारीको हाइब्रिड बिउ | - | ११३०३० |
| जम्मा | | | २७०५६३९ |

उक्त अनुदानको सदुपयोग सम्बन्धमा कार्यालयले अनुदान दिने निकायको अनुगमन गरी प्रतिवेदन लिने नगरेको कारण प्रत्येक वर्ष अनुदान लिनेको लगत दोहोरो नपर्ने गरी अद्यावधिक समेत नगरेकाले अनुदान प्राप्त गर्नेको लगत अद्यावधिक गरी यसरी वितरित अनुदानको सदुपयोग भए नभएको अनुगमन गर्न नसक्दा खर्चको उपादेयता यकिन गर्न सकिएन ।

५९. **राष्ट्रिपती चुरे ( व.उ.शि.नं. ३२९१२४३ )**

**लागत अनुमानः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० वमोजिम कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ । कार्यक्रम अन्तर्गत तिन ठेक्कामा तटवन्ध निर्माणका लागि तयार पारेको लागत अनुमानमा खन्ने कार्यको दर मेशिन प्रयोग हुने अवस्थामा पनि मेनडेजको आधारमा विश्लेषण गरेको कारण ठेक्काको लागत अनुमान रु.१५४०५९९। ले वढ्न गएको छ । लागत अनुमान व्यवहारिक बनाई कार्यालयको खर्चमा मितव्ययिता ल्याउनेतर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

| ठेक्का न | चट्टान खन्ने काम इकाई घ. मि | मेशिनको दर रु | मानिसको दर रु | फरक दर रु | जम्मा रकम रु |
|---|---|---|---|---|---|
| १०/२०७५/७६ | २०४ | १५०.६८ | २६६८ | २५१७.३२ | ५१३५३३.०० |
| ११/२०७५/७६ | २०४ | १५०.६८ | २६६८ | २५१७.३२ | ५१३५३३.०० |
| १२/२०७५/७६ | २०४ | १५०.६८ | २६६८ | २५१७.३२ | ५१३५३३.०० |
| **जम्मा** | | | | | १५४०५९९ |

६०. **विद्युत शेयर खरिदः**

नगरपालिकाले गत वर्ष सम्पूरक कोषको लागि विनियोजन गरेको रकममध्येबाट यसवर्ष बैजनाथ सामूदायिक ग्रामीण विद्युत सहकारी संस्था लि.को शेयर खरिद गरेको भनी उक्त सहकारीलाई रु.४०००००।- भुक्तानी दिएको छ । उक्त सहकारीले शेयरवापत लिएको रकमको शेयरधनी प्रमाणपत्रसमेत उपलब्ध गराएको देखिएन । कम्पनी ऐन, २०६३ अनुसार विधिवत रुपमा दर्ता भई सञ्चालित लिमिटेड कम्पनीले मात्र सर्वसाधारण तर्फको शेयर पक्रिया पुऱ्याएर विक्री गर्न सक्ने कानूनी व्यवस्था विपरीत उक्त सहकारीले वडा नं. ६, ७ मा विस्तार हुने विद्युत लाइनको शेयर खरिद गरेको व्यहोरा उल्लेख गरी भुक्तानी माग गरेको निवेदनबाट देखिन्छ । विद्युतीकरण सम्बन्धी कार्यसमेत ४०००००/-

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नगरेको सहकारी संस्थालाई नगर कार्यपालिकाको मिति २०७५।८।१७ को निर्णय नं. २ बाट अन्यत्र कार्यक्रमबाट बजेट रकमान्तर गरी शेयरवापत दिएको उक्त रकमको शेयरधनी प्रमाणपत्र पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | |
| ६१. | **शिक्षा सशर्तः**<br>विद्यार्थीको यथार्थ तथ्यांक प्रवाह गर्ने उद्देश्यका साथ Education Management Information System (EMIS) निर्माण भई सञ्चालनमा रहेको छ । सोही EMIS को तथ्यांकका आधारमा नगरपालिकाले पाठ्यपुस्तक, छात्रवृत्ति, बुक कर्नर लगायतका विभिन्न अनुदानहरु निकासा गर्ने गरेको छ । तर निकासा गर्दा आधार लिएको तथ्यांक र पाठ्यपुस्तक वितरण, छात्रवृत्ति वितरणलगायतको भरपाईका विचमा तालमेल भएको पाइएन । EMIS जेष्ठ ७ गते र चैत्र २३ गते अनिवार्य रुपमा Update गर्नुपर्ने तथा अन्य जुनसुकै समयमा आवश्यकता अनुसार Update गर्न सकिने व्यवस्था भएअनुसार EMIS लाई Update गरी तथ्यांकलाई यथार्यपरक बनाई सो आधारमा अनुदान दिनेतर्फ नगरपालिकाले ध्यान पुर्‍याउनुपर्दछ । | |
| ६२. | **सामाजिक सुरक्षा कार्यक्रमः**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS systemमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यबस्था छ । | |
| | नगरपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन भने तीन वटै चौमासिकको यस वर्ष सामाजिक सुरक्षा तर्फ रु.५५५४२६००।- वजेट व्यवस्था अनुरुप निकाशा भएकोमा रु. ५५५४२६००।- नै खर्च देखाएको छ । सामाजिक सुरक्षा भत्ता ग्लोवल आइ एम इ वैङ्क जोगवुढा शाखामा वितरणका लागि पठाएको देखिएता पनि वैङ्किङ प्रणाली मार्फत सेवाग्राहीको खातामा पठाएको रकम के कति वास्तविक भत्ता पाउनेहरुलाई वितरण गरियो तथा अन्य मृत्यू भएका, स्थानानन्तर गरेका अन्य विविध कारणले भत्ता लिन नपाउनेहरुको खातामा के कति रकम वाकी देखिन्छ सो विवरण वैङ्कबाट पेश गरेको देखिएन । वैङ्कले अघिल्लो चौमासिकको वितरण विवरण र वाकी विवरण पठाई सकेपछि सो को रुजु गरी बाँकी चौमासिकको भत्ता पठाउनु पर्नेमा विवरण पेश नै नभइकन तिन वटै चौमासिकको रकम वैङ्कमा पठाएको देखियो । वर्षान्तमा वैंङ्कले विविध कारणबाट भत्ता नपाउनेहरुको खातामा जम्मा भएको रकम यकिन गरि नगरपालिकामा पठाउनुपर्नेमा सो समेत प्राप्त हुन सकेको देखिएन । अतः नगरपालिकाले वास्तविक भत्ता वितरण रकम र भत्ता नलिने व्यक्तिहरुको खातामा वाकी रहेको रकम यकिन गरि वाकी रहेको रकम अविलम्व संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पं.स. ०७५।०७६, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई वाँकी रहेमा संघीय संचितकोमा फिर्ता गर्नुपर्ने व्यवस्था अनुरुप संघिय संञ्चितकोष फिर्ता गनुपर्ने देखिन्छ । | |
| | **पूँजीगत वडा न १** | |
| ६३. | **वढी भुक्तानीः**<br>कार्यालयले खर्च लेख्दा निर्माण सामग्री वा खरिदमा स्वीकृत जिल्ला दररेट भन्दा वढी नहुने गरि खर्च लेख्नुपर्दछ । वडा न १ मा सिलाई कटाई तालिम , अमलिसो तथा कागती खेती कार्यक्रमको भुक्तानी दिदा अमलिसो विरुवाको स्वीकृत जिल्ला दररेट ७ रहेकोमा रु ५० का दरले खर्च लेखेको छ । यसरी १०० विरुवाको प्रति विरुवा रु४३ दरले वढी खर्च लेखेको रकम असुल हुनुपर्ने रु | ४३००/- |
| | **वडागत पूँजीगत वडा न २** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६४. | **वढी भुक्तानीः**<br>कार्यालयले खर्च लेख्दा निर्माण सामग्री वा खरिदमा स्वीकृत जिल्ला दररेट भन्दा वढी नहुने गरि खर्च लेख्नुपर्दछ । वडा न २ मा ओखर विरुवा खेती कार्यक्रमको भुक्तानी दिदा ओखर विरुवाको स्वीकृत जिल्ला दररेट ५० रहेकोमा रु ३०० विरुवाको प्रति विरुवा १७५। तथा २५० विरुवाको प्रति विरुवा रु १५० गरी रु.९००००। खर्च लेखेको पाईयो यसरी वढी खर्च लेखेको रकम असुल हुनुपर्ने रु | ६२५००/- |
| ६५. | **फरक कार्यकमः**<br>नगरपालिकाले कार्यकममा खर्च गर्दा परिषदबाट स्वीकृत कार्यकममा रित पुर्‍याएर खर्च गर्नु पर्दछ । कार्यालयले नगरपरिषदबाट स्वीकृत भएको शैक्षिक गुणस्तर सुधारको खर्च उक्त कियाकलाप नगरी भागेश्वर मा वि को विद्यालय व्यवस्थापन समितिका पदाधिकारी विद्यार्थी शिक्षकको शैक्षिक भ्रमणमा खर्च गरेको पाईयो । शैक्षिक गुणस्तर जस्तो संवेदनशील कियाकलापमा खर्च नगरी शैक्षिक भ्रमणमा गरेको खर्च अनियमित भएको रु | १०००००/- |
| | **वडा न ४ पूँजीगत** | |
| ६६. | **भरपाईः**<br>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले राउटे विकास कार्यकममा रु १२२०००। खर्च लेख्दा वाखा खरिद( १२*२०के जि) ११४००० को विल समावेश गरेतापनि उक्त वाखा पाउने लाभग्राही छनौट तथा वितरण गरेको भरपाई स्रेस्ता साथ समावेश गरेको छैन । वितरण भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | १२२०००/ |
| ६७. | **पेश्की दिँदा लागत अनुमानः**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । त्यस्तै स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, कार्यशाला, गोष्ठी आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरुप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानहरुको विवरण तथा विल भरपाईसहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आ.व. ०७५/७६ मा कृषि, शिक्षा, पशु र स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने, आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की बाँकी रहि रहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने जस्ता प्रवृत्तिले गर्दा कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु तोकिएको संख्या, नर्म्स र मापदण्ड अनुरुप सञ्चालन नहुने देखिएको छ । तसर्थ मौजुदा नियम, निर्देशिका र कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गरी लक्षित वर्गलाई लाभान्वित तुल्याउने र खर्चमा मितव्ययीता ल्याउनेतर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्दछ ।<br>**पेश्की फर्छ्यौटः**कार्यालयको काममा लिएको पेश्की रकम म्यादभित्र फर्छ्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएकोमा कार्यालयले देहाय अनुसारका कार्यक्रम पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फर्छ्यौट नभई बाँकी देखिएकाले समयमा फर्छ्यौट गर्नु गराउनु पर्ने देखिएको रु. | १०४५७२१८/- |

| सि. नं. | पेश्की लिएको मिति | पेश्की लिनेको नाम | पेश्की रकम | कैफियत |
|---|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | २०७५/९/२९ | शाहि निर्माण सेवा | ८५०००० | मोविलाइजेशन पेश्की |
| २ | २०७५/११/२ | हेमराज निर्माण सेवा | ३३२२१८ | " |
| ३ | २०७५/११/२३ | लुम्बीनी उग्रतारा सिद्धनाथ जे.भी. | ९२५००० | " |
| ४ | २०७५/११/२३ | हरेन्द्र गाउँघर निर्माण सेवा | ६५०००० | " |
| ५ | २०७६/३/१३ | रोयल उग्रतारा सिद्धनाथ जे.भी. | ५०००००० | " |
| ६ | २०७६/३/२ | कार्यपालिका सदस्य धर्मेन्द्र नेपाली | १००००० | |
| ७ | २०७६/२/१ | भुवनेश्वरी नमुना मा.वि. परिगाउँ (भवन निर्माण) | २६००००० | |
| **जम्मा** | | | **१०४५७२१८** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६८. | **आन्तरिक लेखापरीक्षण :**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ (२) मा प्रत्येक स्थानिय निकायले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । ऐनको ९६ वमोजिम कार्यकारी प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा खडा भएको कार्य सञ्चालन कोष तथा अन्य कोषको अन्य व्यवस्था नहुञ्जेल आन्तरिक लेखापरीक्षण जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्दछ भन्ने व्यवस्था रहेको छ । कार्यालयले आफ्नो आन्तरिक आय तथा अनुदानबाहेकका केन्द्रीय ६ वटा शिर्षकको मात्र आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गरिसक्नुपर्ने व्यबस्था भएता पनि देहायबमोजिम आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फछ्र्यौट गरेको प्रमाण पेश नभएकोले निम्नानुसारका व्यहोराहरु अन्तिम लेखापरीक्षणबाट कायम गरिएको छ । नगरपालिकाले आफनो बार्षिक आय व्यय तथा अन्य कोष समेतको ऐनको व्यवस्थाबमोजिम अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण गरी अन्तिम लेखापरिक्षणको लागि अद्यावधिक गराउनु पर्दछ । | |
| ६९. | **गो.भौ.नं.३१, मिति २०७६।३।२९(राष्ट्रपति चुरे)**<br>प्रगतिशिल ग्रामीण विकास केन्द्र, जोगबुढा, डडेलधुरालाई हरित पेटिका निर्माण वापत रु.७५०००।- मा चिया खाजाको रु.१७५००।- बिल पेश गरेकोमा लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन तथा फिल्ड प्रतिवेदन वेगर रकम भुक्तानी गरेको देखिँदा खर्च भएका बिल भरपाई, प्राविधिक मूल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन र नियमपूर्वकका बिल भरपाई संलग्न गरी नियमित गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ७५०००/- |

अनुसूची १

## परशुराम नगरपालिकाको संचित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजींगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | परशुराम नगरपालिका | डडेलधुरा | ५३६३८ | १२१५९० | ४६३९६८ | १५७९२ | ६०१३५० | ३२९२४९ | २०५९१४ | २६१०२ | ५६१२६५ | ९३७२३ |

अनुसूची-२

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेस्की | अन्य पेस्की | जम्मा |
| १ | परशुराम नगरपालिका | ५२ | १९ | ३७६८५ | ० | २ | ५८६ | ५२ | १७ | ३७०९९ | १६०७८ | ७७८९ | २७७५ | ० | ० | १०५४९ | ० | १०४५७ | १०४५७ |

अनुसूची-३

## अद्यावधिक बेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्षसम्मको बाँकी | यो वर्षको फर्छ्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बेरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | परशुराम नगरपालिका | डडेलधुरा | १६९६३ | ६६५२ | १०३११ | ० | ३७०९९ | ४७४१० |